प्रस्तावहरु (२०७८/०४/१८)

प्रस्ताव नं. १ : गत वैठकमा भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : जोखिम न्यूनिकरणको लागि कार्य योजना र भावी रणनीति सम्बन्धमा ।

प्रस्ताव नं. ३ : उद्धार समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : विपद् व्यवस्थापनमा भएका खर्चहरु अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : वैकल्पिक बाटो निर्माण तथा संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : पोलिथिन पाइप उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : पैदल मार्ग निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ८ : रेडियो मेलम्चीलाई फर्निचर खरिद रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ९ : कार्यसम्पादन मूल्याङ्कन फारामको ढाँचा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १० : खानेपानी योजनाको निरन्तरता सम्बन्धमा ।

प्रस्ताव नं. ११ : घरको अभिलेखिकरण सम्बन्धमा ।

प्रस्ताव नं. १२ : मेलमिलापकर्ताहरुको सूची अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १३ : लेखा परीक्षण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : बाढीबाट थुप्रिएको नदीजन्य पदार्थको उत्खनन् सम्बन्धमा ।

प्रस्ताव नं. १५ : पूर्व सूचना प्रणाली साइरन जडानको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १६ : आन्तरिक लेखा परीक्षण सम्बन्धमा ।

प्रस्ताव नं. १७ : भुक्तानी गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

निर्णय नं. १ :

मिति २०७८ साल असार ३१ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरु आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

निर्णय नं. २

मेलम्ची खोलामा मिति २०७८/०४/१६ गते बेलुका पुन: आएको बाढीबाट मेलम्ची नगरपालिका भित्र थप क्षति भएका सार्वजनिक संरचना, घर/टहरा, जग्गा जमिनहरुको संरक्षण, उच्च जोखिम र संभावित जोखिममा रहेका बस्तीहरुको स्थानान्तरण लगायतका विषयमा आजको यस वैठकमा छलफल गरियो । यस क्षेत्रमा निरन्तर आउन सक्ने बाढी र बाढीबाट हुन सक्ने क्षति न्यूनिकरण र मावन जनजीवनलाई सहज बनाउनका लागि देहाय अनुसार गर्ने निर्णय गरियो ।

तपसिल

१. बजार अनुगमन समितिको वैठक बसी बजार अनुगमन गर्ने र नगरपालिका भित्र खाद्य संकट टार्नका लागि बजारमा रहेका खाद्य वस्तुहरुको मौज्दात स्थिति पहिचान गर्ने ।
२. संभावित जोखिम न्यूनिकरण गर्नको लागि स्थानीय विपद् व्यवस्थापन समिति, बजार व्यवस्थापन समिति, टोल विकास संस्था लगायतका संस्थाहरुलाई सक्रिय बनाउने ।
३. नदी किनारमा रहेका वस्तीहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न आवश्यक पहल गर्ने ।
४. सहज यातायातका लागि वैकल्पिक बाटो तत्काल खोल्नको लागि आवश्यक पहल गर्ने ।
५. विद्युत प्रशारणलाई निरन्तर रुपमा संचालन गर्नका लागि सम्बन्धित वडाले विद्युत प्राधिकरणसंग निरन्तर समन्वय गर्ने ।
६. जोखिमयुक्त स्थानहरुको अवलोकन गरी जोखिमयुक्त घरहरु तत्काल खाली गराउन आवश्यक तयारी गर्ने तथा जोखिमा रहेका मानिसहरुको बसोबासको लागि खाली भएका विद्यालयहरुमा वैकल्पिक अस्थायी बसोबासको व्यवस्था मिलाउने ।
७. नगर भित्रका सुत्केरी, गर्भवती महिला र दीर्घरोगीहरुको पहिचान गरी त्यस्ता व्यक्तिहरुलाई सहज सेवा प्रदान गर्न आवश्यक तयारी गर्ने ।
८. नगरपालिका भित्र हाल संचालनमा रहेका पुल र सडकहरुको संरक्षण गरी आम नागरिकहरुको सहज यातायातका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, मेलम्ची नगरपालिका र अन्य सरोकारवाला निकायहरु बीच आवश्यक समन्वय गरी कार्य गर्ने ।

Scanned with CamScanner

९. संभावित पहिरो र विपद् न्यूनिकरणका लागि स्काभेटर, जेसिभी लगायतका मेशिनरी औजारहरु चालु तथा पूर्व तयारी अवस्थामा राख्ने।

१०.बाढीबाट क्षति भएका तथ्याङ्कहरुको अध्यावधिक विवरण सम्बन्धित वडा कार्यालयले तत्काल नगरपालिकामा उपलब्ध गराउने र नगरपालिकाको सूचना डेस्कबाट प्राप्त भएका सूचनाहरुको संकलन, संप्रेशण र अध्यावधिक गर्ने।

११. मेलम्ची नगरपालिका वडा नं. ११ मेलम्ची बजार चोक देखि होटल रिभर साइटसम्मको मोटरबाटो उच्च जोखिममा रहेको हुँदा उक्त सडकबाट सवारी साधन संचालन गर्न र मानिसहरुको आवतजावत गर्न तत्काल बन्द गर्ने र सोको समन्वय सुरक्षा निकायले गर्ने ।

१२. मेलम्ची नगरपालिकाका उपप्रमुख श्री भगवती नेपालको संयोजकत्वमा गठित विपद् प्रतिकार्य कार्यदलको सिफारिस बमोजिम संभाव्य क्षति न्यूनिकरणका कार्य गर्ने।

१३. सम्बन्धित वडाका सबै जनप्रतिनिधिहरु आ–आफ्नो वडामा निरन्तर सम्पर्कमा रहने।

निर्णय नं. ३

मेलम्ची तथा इन्द्रावती नदीको बाढीबाट हुनसक्ने संभावित क्षति न्यूनिकरण र उद्धारको लागि देहाय अनुसारका उद्धार समिति गठन गर्नको लागि जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम देहाय अनुसारको उद्धार समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. सम्बन्धित वडाका वडा अध्यक्ष – संयोजक
२. नेपाली सेना प्रमुख/प्रतिनिधि – सदस्य
३. नेपाल प्रहरी प्रमुख/प्रतिनिधि – सदस्य
४. सशस्त्र प्रहरी बल प्रमुख/प्रतिनिधि – सदस्य

निर्णय नं. ४

मेलम्ची र ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीको क्षति न्यूनिकरण र उद्धारमा खर्च भएको देहाय बमोजिमको खर्च रकम क्र.सं. १ र २ शिर्षकको खर्च मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोष र क्र.सं. ३, ४ र ५ शिर्षकको खर्च नगर स्तरीय विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी खर्च अनुमोदन गर्नको लागि जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम खर्च अनुमोदन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

तपसिल

क्र.सं.	खर्च विवरण	खर्च रकम रु.	कैफियत
१	२२० स्काभेटर नदी नियन्त्रण प्रयोग खर्च	५३३७००।–	
२	माझीगाउँ सहरेपाखा बरको बोट सडक ग्राभेल तथा स्तरोन्नती, वडा नं. १०	३५००००।–	
३	बाहुनेपाटी चोक देखि खेलमैदान हुँदै बाहुनेपाटी मोटर पुलसम्मको सडक ग्राभेल , वडा नं. १२	९९५००।–	
४	मानेभञ्ज्याङ्ग पहिरो नियन्त्रण, वडा नं. ६	३५१४५०	
५	भदौरे पिप्ले सडक खण्ड मर्मत, वडा नं. ६	१६१०००	
जम्मा		१४,९५,६५०।–	

निर्णय नं. ५

मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीबाट नगरपालिका भित्रका राजमार्ग तथा अन्य सडकहरु कटान गरी यातायात संचालन र मानिसहरुको आवतजावतमा कठिनाई उत्पन्न भएको हुँदा मेलम्ची नगरपालिका भित्र वैकल्पिक बाटोहरु संचालन गर्नको लागि तत्काल देहाय अनुसार गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन सिमितबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम देहाय अनुसार गर्ने निर्णय गरियो।

तपसिल

१. मेलम्ची नगरपालिका भित्रको बाहुनेपाटी पिप्ले सडकको सडक मर्मत संभारको लागि नगरपालिकाबाट जेसिभी पठाउँने।

२. फट्केश्वर ढाँडखोला वैकल्पिक बाटो मर्मत गर्नको लागि प्राविधिक प्रतिवदेनको आधारमा बजेट व्यवस्था गर्ने।

३. खाल्डेखोला नवलपुर सडकको ज्यामिरे खण्डमा प्राविधिक स्टिमेटको आधारमा सडक मर्मत गर्ने।

४. मेलम्ची तालामाराङ मोटर बाटो मर्मत गर्नका लागि प्राविधिक अध्ययन गर्ने।

Scanned with CamScanner

निर्णय नं. ६

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित धुसेनी बेसी फाँट सिंचाईका लागि ११० एम एम को १०२ मिटर पोलिथिन पाइप उपलब्ध गराउँने निर्णय गरियो।

निर्णय नं. ७

मिति २०७८ साल श्रावण १६ गते बेलुका आएको बाढीबाट मेलम्ची हेलम्बु राजमार्ग सडक खण्ड पूर्ण रुपमा क्षति भएको हुँदा मानिसहरुको आवत जावतमा सहजताको लागि मेलम्ची नगरपालिका वडा नं. ११ स्थित नगरपालिका चोक देखि मेलम्ची नगरपालिका वडा नं. ११ स्थित नुहारपाखासम्मको पैदल मार्ग निर्माण गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन सिमितबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम प्राविधिक इष्टिमेट तयार गरी सोको आधारमा पैदल मार्ग निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ८

मिति २०७८ साल असार १ गते आएको बाढीबाट यस नगरपालिका भित्र रहेको रेडियो मेलम्चीको भवन पूर्ण रुपमा क्षति भई सम्पूर्ण उपकरण, फर्निचर र कागजातहरु समेत नष्ट भएको सन्दर्भमा रेडियो मेलम्चीको कार्पेट तथा फर्निचर खरिदमा भएको खर्च भुक्तानीका लागि निवेदन पेश भएको हुँदा मेलम्ची बाढीपीडित पुनर्स्थापना कोषबाट खर्च हुने गरी रु. १,००,०००।– (अक्षरुपी एक लाख रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ९

नेपाल सरकार/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १२ मिति २०७७/०४/०१ को पत्रबाट लोकसेवा आयोगबाट सिफारिस भई स्थायी नियूक्ती भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको लागि प्राप्त भएको फारामको ढाँचालाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फटकशिला ग्रामीण खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत संचालन भएको एक घर एक धारा खानेपानी योजना हाल सम्पन्न भैनसेको हुँदा उक्त खानेपानी योजनालाई लागत इष्टिमेट बमोजिम बजेट व्यवस्था गरी चालु आ.व. २०७७/०७८ मा निरन्तरता दिने निर्णय गरियो।

निर्णय नं. ११

मेलम्ची नगरपालिका स्थापना पूर्व नक्सा पास नभई वा नक्सा बमोजिम निर्माण नभएका घरहरुको २०७८ साल कात्तिक मसान्तसम्म कार्यविधि/मापदण्ड बनाई अभिलेखिकरण गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. १२

मेलम्ची नगरपालिका अन्तर्गतका वडाहरुबाट देहाय बमोजिमका व्यक्तिहरुले न्यायिक समितिमा मेलमिलापकर्ताको रुपमा सूचिकृत हुनको लागि विवरण पेश गरेको हुँदा मेलमिलापकर्ताको मापदण्ड पूरा गरेका देहाय बमोजिमको मेलमिलापकर्ताको सूची अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

क्र. सं	वडा नं.	मेलमिलापकर्ताको नाम, थर
१	१	रुपा चौलागाई
२	१	लाल बहादुर तामाङ
३	१	बिनोद चौलागाई
४	१	देव कुमारी चौलागाई
५	२	हर्क बहादुर तामाङ
६	२	कुमार चौलागाई
७	२	अरुण लामा
८	२	मिन प्रसाद खतिवडा
९	३	बिजय तामाङ
१०	३	राजकुमार गुरुङ
११	४	सोनाम (मिलन) तामाङ
१२	४	वसन्ती तामाङ
१३	४	फूलमाया तामाङ
१४	५	केशव रोका
१५	५	कृष्ण प्रसाद लुइटेल
१६	५	पविता रोकाय
१७	५	लक्ष्मण सिग्देल

Scanned with CamScanner

१८	५	केशव पौडेल
१९	६	दुर्गा के.सी.
२०	६	विन्द्र बहादुर तामाङ
२१	७	सोमार तामाङ
२२	७	प्रेम बहादुर तामाङ
२३	७	संगिता नेपाली
२४	७	आसामान तामाङ
२५	८	अरुण तामाङ
२६	८	अमिका गिरी
२७	८	देवकी गिरी
२८	८	डन्डुल दोङ तामाङ
२९	९	बासुदेव कटुवाल
३०	१०	कुमार दाहाल
३१	१०	अमर सापकोटा
३२	१०	हिरा बहादुर तामाङ
३३	१०	भोलानाथ आचार्य
३४	११	कल्पना चालिसे
३५	११	विष्णु प्र.दुलाल
३६	११	रुद्र प्रसाद दुलाल
३७	११	सरिता दुलाल
३८	११	अम्बिका डोटेल

Scanned with CamScanner

३९	११	ज्ञान प्रसाद सापकोटा
४०	११	हरि प्रसाद धिताल
४१	१२	शिव प्रसाद नेपाल
४२	१२	सानु मैयाँ भट्टराई
४३	१२	चिरञ्जीवि पराजुली
४४	१२	गणेश ढकाल
४५	१३	हरेराम राजभण्डारी
४६	१३	राधिका चौलागाई
४७	१३	सिता माया तामाङ

निर्णय नं. १३

मेलम्ची नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको लेखा परीक्षण विगत लामो समय देखि नभएकोले उक्त संस्थाहरुको आ. व. २०७३/०७४ देखि आ.व. २०७७/०७८ सम्मको र कक्षा १ देखि कक्षा ५ सम्म संचालन भएका विद्यालयहरुको आ.व. २०७७/०७८ को लेखा परीक्षण गर्नको लागि नियमानुसार लेखा परिक्षकहरुको सूची तयार गरी लेखा परीक्षण गर्ने र उक्त लेखा परिक्षणमा लागेको शुल्क नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १४

ईन्द्रावती र मेलम्ची नदीमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट ठूलो परिमाणमा नदीजन्य पदार्थहरु थुप्रिन गई नदीको सतह बढ्न गएको र यसबाट नदी किनारका बस्ती तथा खेतीयोग्य जग्गा जमिन र संरचनाहरुमा समेत क्षति पुगेको र अझै क्षति पुग्न सक्ने संभावना रहेकोले उक्त जग्गा, जमिन र बस्तीको संरक्षण गर्नको लागि ईन्द्रावती र मेलम्ची नदीमा थुप्रिएको नदीजन्य पदार्थहरु निकाली नदीको बहाबलाई बीचको धारबाट लैजानको लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट समेत अनुमति प्राप्त भएको सन्दर्भमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका प्रावधान, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्था तथा अन्य प्रचलित ऐन कानून बमोजिम नदीमा थुप्रिएको नदीजन्य पदार्थहरु (ढुङ्गा, गिटी, बालुवा) के कस्तो प्रक्रियाबाट निकाल्न उपयुक्त हुन्छ सो सम्बन्धमा

Scanned with CamScanner

७ (सात) दिन भित्र प्रतिवेदन पेश गर्न राजस्व परामर्श समितिलाई निर्देशन गर्ने र प्रतिवेदन प्राप्त भए पश्चात नियमानुसार आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. १५ : ईन्द्रावती र मेलम्ची नदीमा आउने बाढीको पूर्व सूचना दिनको लागि राम लक्ष्मण इनोभेसन प्रा.लि., काठमाडौंबाट यस मेलम्ची क्षेत्रमा दुई वटा पूर्व सूचना प्रणाली साइरन जडान रकम भुक्तानी दिनको लागि मेलम्ची खानेपानी विकास समितिलाई मिति २०७८/०३/१६ गतेको कार्यपालिका वैठकको निर्णयबाट अनुरोध गरिएकोमा उक्त रकम मेलम्ची खानेपानी विकास समितिबाट भुक्तानी नभएको हुँदा उक्त संस्थालाई मू.अ.कर सहित रु. ४,९७,२००।– (अक्षरुपी चार लाख सन्तानब्बे हजार दुई सय मात्र) यस नगरपालिकाको मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १६ : मेलम्ची नगरपालिकाको आ.व. २०७७/०७८ को आन्तरिक लेखा परीक्षण गर्नको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १७ : ईन्द्रावती र मेलम्ची नदीमा आउने बाढीको पूर्व सूचना दिनको लागि टेक्नोलोजी सेल्स प्रा.लि., काठमाडौंबाट मेलम्ची नगरपालिका क्षेत्रको तालामाराङमा पुन: थप एक वटा पूर्व सूचना प्रणाली साइरन जडान बापतको रकम मू.अ.कर सहित रु. २,०२,८००।– (अक्षरुपी दुई लाख दुई हजार आठ सय रुपैयाँ मात्र) यस नगरपालिकाको मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १८ : मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रबाट सचालन गर्ने गरी मेलम्ची नगरपालिकाबाट दुई थान एम्बुलेन्स खरिद गर्ने र उक्त एम्बुलेन्स राजस्व छुटमा प्राप्तिको लागि आवश्यक सिफारिस गरिदिन संघीय सरकार/स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १९ : मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रबाट व्यवस्थापन तथा संचालन हुने गरी खरिद गर्न लागिएको सव वहान राजस्व छुटमा प्राप्तिको लागि नगर कार्यपालिका वैठकबाट निर्णय तथा सिफारिस हुन माग भई आएको हुँदा उक्त सव वहान राजस्व छुटमा प्राप्तिको लागि आवश्यक सिफारिस गरिदिन संघीय सरकार/स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

Scanned with CamScanner